# नेपाल सरकार
# सूचना तथा सञ्चार मन्त्रीद्वारा प्रस्तुत
# मन्त्रालयको भावी नीति तथा कार्यक्रम सम्बन्धी अवधारणा पत्र
(२२ जेष्ठ २०६४)

## प्रस्तावना

निरङ्कुशतन्त्रका विरूद्धमा र लोकतान्त्रिक गणतन्त्रको पक्षमा नेपाली सूचना तथा सञ्चार क्षेत्रले खेलेको भूमिका ऐतिहासिक छ । खासगरी जनयुद्ध र जनआन्दोलनका क्रममा यस क्षेत्रले निर्बाह गरेको विशिष्ट र उल्लेखनीय भूमिका सराहनीय र प्रशंसनीय छ । सङ्घीय गणतन्त्रको दिशा भएर अघि बढ्नुमा नै लोकतन्त्रको विकास र सम्बर्द्धन सम्भव छ भन्ने आजको यथार्थलाई ध्यानमा राख्दै सूचना तथा सञ्चार क्षेत्रले आफ्नो भूमिकालाई समयसापेक्ष र थप प्रभावकारी बनाउनु आवश्यक छ । यसै पक्षलाई ध्यानमा राखी नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत गठित अन्तरिम सरकारको आधारभूत नीति तथा कार्यक्रमलाई प्रस्थान विन्दु बनाई सूचना तथा सञ्चार मन्त्रालयको भावी नीति तथा कार्यक्रम सम्वन्धी अवधारणा सार्वजनिक गरिएको छ ।

आन्दोलनबाट प्राप्त मूल्य र उपलब्धिहरूलाई संस्थागत र रक्षा गर्नु भनेको यथास्थितिवादमा सीमित हुनु वा रूमल्लिनु होइन, बरू प्राप्ति र आवश्यकताको आयामलाई थप विस्तारका साथ अझ गुणात्मकता प्रदान गर्दै अग्रगामी दिशातिर अघि बढाउनु हो । समय र परिवर्तनको चेतनालाई यथास्थितिमै रोक्न विभिन्नखाले शक्तिहरू कम्मर कसेर लागेको बेलामा अग्रगतिको दिशा र गति समात्नु निकै जटिल र चुनौतीपूर्ण छ तापनि यो आवश्यक र अपरिहार्य कार्य हो । अब हिजोको हेराइ र बुझाइले पुग्दैन, नितान्त नयां सोचाइ , कर्म, नीति, योजना र कार्यक्रमका साथ अघि बढ्नु आवश्यक छ । यथास्थितिवादविरूद्ध संघर्षगर्दै अघि बढ्नुपर्ने यस घडीमा सूचना र सञ्चारको क्षेत्र भरपर्दो र पत्यारिलो मोर्चा हुनुपर्छ र हुनसक्छ । यसो गरेर मात्र सूचना र सञ्चारको क्षेत्रलाई नयां आवश्यकताअनुरूप परिचालन गर्न संभव छ ।

मुलुकको अहिलेको विशिष्ट अवस्थालाई मध्यनजर राखी राजनीतिक दलहरूको सहमति र समझदारीका आधारमा वर्तमान अन्तरिम सरकार सञ्चालन हुनेभएकाले संविधानसभाको निर्वाचन स्वतन्त्र, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गराउनु नै सरकारको मुख्य कार्यसूची र लक्ष्य हुनेछ । हाम्रा कार्यहरू मूलतः यसै दिशातर्फ केन्द्रित रहने छन् ।

यसैगरी मन्त्रालयले कुनै पनि महत्वपूर्ण वा नीतिगत निर्णय लिने मूल आधार सम्बन्धित सरोकारवाला पक्षहरूसितको अन्तरक्रिया, सरसल्लाह, रायसुझाव संकलन, छलफल र परामर्श हुनेछ । सामूहिक हितका विषयमा सबै सरोकारवाला पक्षहरू र संघसंस्थाका लागि मन्त्रालयको ढोका सधैं खुला रहनेछ ।

## आधारभूत अवधारणा

१. राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण, सामाजिक शोषणको अन्त र सामाजिक न्याय कायम गर्नुका साथै देशलाई छिटो समुन्नत एवम् समृद्ध बनाउने यसको प्रमुख आधारभूत अवधारणा हो ।
२. राष्ट्रिय हित र एकताको अभिवृद्धि गर्दै सबै क्षेत्र, वर्ग, जाति, जनजाति, लिंग, भाषा, धार्मिक सम्प्रदायबीच आपसी सद्भावना र सामञ्जस्य अभिवृद्धि गर्न प्रोत्साहन गर्ने यसको अर्को आधारभूत अवधारणा हो ।

उपर्युक्त आधारभूत अवधारणालाई कार्यान्वयन गर्न मन्त्रालयको दीर्घकालीन र तत्कालीन सोच यस प्रकार रहने छ-

## दीर्घकालीन नीति

लोकतन्त्र, जनसेवा र राष्ट्रिय हितलाई मूल आधार मानी तथा सूचनाको हकलाई जनताको नैसर्गिक अधिकारको रूपमा सम्मान गर्दै सूचना र सञ्चारको स्वतन्त्र, स्वस्थ, निष्पक्ष एवम् मर्यादित प्रतिस्पर्धाको विकासमा विशेष जोड दिइनेछ । सबै राष्ट्रिय भाषामा समानुपातिक प्रसारण सेवा सञ्चालन गर्न पहल गरिने छ । ग्रामीण क्षेत्रमा सूचना र सञ्चारको विकास र विस्तारलाई विशेष महत्व र प्राथमिकता दिइनेछ । यसका लागि दूरसञ्चारको सेवा विस्तार, त्यसको स्तरोन्नति एवं क्षमता अभिवृद्धि गर्दै नेपालको सम्पूर्ण भूभाग समेट्ने गरी प्रस्तावित संघीय राज्य पुनसंरचनाअनुरूप पश्चिमदेखि पूर्वसम्म उत्तरदेखि दक्षिणसम्म हिमाल, पहाड र तराई क्षेत्रहरूमा वैकल्पिक सूचनामार्गहरू निर्माण गरिने छ ।

*दीर्घकालीन नारा :*

नयां नेपाल निर्माणको आधार - सूचना र सञ्चार

## तात्कालिक उद्देश्य र कार्यक्रम

सूचना सञ्चारको तात्कालिक मूल उद्देश्य आगामी संविधान सभाको निर्वाचन निष्पक्ष, स्वतन्त्र र निर्भिकताका साथ प्रभावकारी रूपमा सम्पन्न गराउन सहयोग पुऱ्याउने हो । लोकतन्त्र र शान्तिलाई सार्थक अभ्यासमा प्रयोग गरी अग्रगामी राज्य पुनर्संरचनालाई सहज बनाउनु यसको अर्को तात्कालिक उद्देश्य हो । यसैगरी सूचना सञ्चारमा विद्यमान परम्परागत संरचना र कार्यप्रणालीमा लोकतान्त्रीकरण, पुनरसंरचना र आधुनिकीकरण गरी चुस्त र गतिशील बनाइनेछ ।

*तात्कालिक नारा :*

लोकतन्त्र ,शान्ति, राष्ट्रहित र अग्रगमनको आधार

सार्थक, जनमुखी र समावेशी सूचना—सञ्चार

माथि उल्लेखित उद्देश्यलाई हासिल गर्नका लागि मन्त्रालयले निम्नानुसारको सोच र कार्यक्रमलाई व्यवहारमा लागू गर्न पहल गर्नेछ :

(क) विशेष कार्यक्रम

संविधान सभाको निर्वाचनलाई लक्षित गरी निम्नानुसारको विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

१. संविधान सभाको विषयवस्तुमा आमजनताको सचेतना अभिवृद्धि गर्न, निर्वाचन प्रक्रिया र प्रणालीका बारेमा जानकारी गराउन, मतदानमा अभिरूची र जनसहभागिता वढाउन, निर्वाचनसम्बन्धी ऐन कानुन वारे जानकारी गराउन, निजी तथा सरकारी संचार माध्यमहरूको आचारसंहिता निर्माण गर्न पत्रकार महासंघ तथा सम्वद्ध संघ संगठन एवं व्यक्तित्वहरूसंग छलफल गरी एक विशेष कार्यक्रम तय गरिने छ ।

२. संविधान सभाको निर्वाचनलाई लक्ष्यित गरी कम्तीमा हरेक मतदान केन्द्रसम्म कुनै पनि प्रविधिको फोन सेवा उपलव्ध गराउन तत्काल विशेष योजना बनाइनेछ । यसबारे सम्वद्द निकायसँग तत्काल समन्वय गरिनेछ ।

३. संविधान सभाका सम्बन्धमा प्रचारप्रसार कार्यलाई प्रोत्साहन गर्न निश्चित समयावधिको लागि संचार माध्यमलाई सहयोग गर्ने विशेष कार्यक्रम ल्याइने छ ।

(ख) अन्य नीति तथा कार्यक्रमहरू

१. दूरसञ्चारसम्बन्धी नीति

*(क) दूरसञ्चारको विस्तार*

ग्रामीण क्षेत्रमा टेलिफोन सेवालाई व्यापक विस्तार गर्ने उद्देश्यलाई ध्यान दिंदै आगामी ०६४ को चैत्र मसान्तसम्म मुलुकको दूरसञ्चार सेवा नपुगेका एक हजार सात गाविसहरूमा दूरसञ्चार सेवा पुऱ्याई नेपालभरिका सबै गाविसहरूमा सञ्चारसेवा उपलब्ध गराइनेछ । उक्त अवधिसम्ममा मुलुकका दूरदराजसम्म यस्तो सेवा विस्तार गर्न सेवाप्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।

*(ख) ग्रामीण दूरसञ्चारसम्बन्धी नीति*

विकट, दुर्गम र विगतको द्वन्द्वबाट प्रभावित क्षेत्रलाई प्राथमिकता दिंदै सहज प्रविधिका टेलिफोन सेवा पुऱ्याउन नसकिने प्रकृतिका छ सय पचास गाविसमा कम्तीमा दुईवटा सार्वजनिक उपयोगका टेलिफोन रहने गरी र बांकी चार सय गाविसमा पनि नेपाल टेलिकम र अन्य सेवाप्रदायकहरूवाट आगामी २०६४ चैत्र मसान्तभित्र दूरसञ्चार सेवा पुऱ्याइने छ ।

देशका सम्पूर्ण नागरिकहरूमा दूरसञ्चार सेवा पुऱ्याउन विशेष गरेर सुदूर पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल हुंदै पूर्वाञ्चलसम्मका सबै क्षेत्रमा सेवा विस्तार गर्ने उद्देश्यले ग्रामीण दूरसञ्चार सेवा खुल्ला गर्ने सम्बन्धमा यथाशीघ्र आवश्यक अध्ययन प्रतिवेदन तयार गरी सेवाप्रदायकहरू मार्फत् टेलिफोन सेवा पुऱ्याइने छ । यसका लागि आबश्यकता अनुसार बैकल्पिक सेवाप्रदायकहरूको समेत प्रयोग गरिने छ ।

*(ग) ग्रामीण सूचना प्रविधिसम्बन्धी नीति*

विद्यमान Optical link, Microwave link, Satellite link को भरपूर प्रयोग गर्दै देशका सम्पूर्ण नागरिकहरूको पहुंचमा आधुनिक सुचना प्रविधि पुऱ्याउन विकट र दुर्गम क्षेत्रमा वैकल्पिक सूचनामार्ग स्थापना गर्नेतर्फ विशेष कार्ययोजना बनाई राज्यको प्रत्येक गाविसमा सूचना प्रविधिको पुहंच पुऱ्याउन जनतालाई टेवा पुऱ्याउने खालको सर्वसुलभ वहुउद्देश्य Telecentre को व्यवस्था गर्नेतर्फ उन्मुख हुने नीति लिइनेछ, जसबाट बिकट ठाउंमा बस्ने जनताका छोराछोरीले पनि Video–conferencing, Distance Education, Telemedicine, E–governance, E–commerce, E–banking आदिबाट देशको शैक्षिक, व्यावसायिक स्तरलाई उच्चतम् स्तरमा पुऱ्याई स्वर्णिम नेपालको निर्माणमा एकजूट हुने अवसर पूर्ण रूपले प्राप्त गर्नेछन् । उपरोक्त उदेश्य प्राप्तीको लागी पूर्वाधार निर्माण गर्न तत्काल ठोस योजना बनाइ कार्य प्रारम्भ गरिने छ । यस कार्यका लागि सरकारले अन्य सम्बद्ध संस्थाहरूसंग समन्वयात्मक रूपमा पहल गर्ने छ । यसले *हात हातमा मोबाइल सेट र घर घरमा इन्टरनेट*को हाम्रो सपनालाई बिपनामा बदल्न सम्भब हुनेछ ।

तात्कालिक रूपमा इन्टरनेट, इमेल सुविधालाई विकट र दुर्गम गाउंहरूसम्म सस्तो मूल्यमा पुऱ्याउने उद्देश्यले ती क्षेत्रमा सञ्चालित इन्टरनेट सेवाप्रदायकबाट लिने इजाजत शुल्क रू.तीन लाखबाट घटाई रू. एक सय मात्र र भिस्याटको इजाजत शुल्क रू. दुई लाख ५० हजारबाट घटाई रू. एक सय गरिएको छ, जसबाट मुलुकका सबै ग्रामीण क्षेत्रहरूमा यो सुविधा पुग्न सहयोग पुग्ने छ । ग्रामीण र दुर्गम क्षेत्रका शैक्षिक संस्था र स्वास्थ्यसम्बन्धी संस्थाहरूले पनि यो सुविधा उपयोग गर्न पाउनेछन् । यसैगरी ब्रोडब्याण्ड इन्टरनेट सेवाको सञ्जाललाई गाउंसम्म पुऱ्याउन एकीकृत रूपमा पहल गरिनेछ ।

*(घ) टेलिफोन वितरण*

टेलिफोन वितरणलाई सरल, सहज र वैज्ञानिक बनाउनुका अतिरिक्त टेलिफोन महसुल घटाउन वा नेपालभरि स्थानीय कलको एउटै दरमात्र कायम गर्न पहल गरिनेछ ।

२. हुलाकसम्बन्धी नीति

क) बदलिंदो विश्व परिस्थिति र बढ्दो प्रतिस्पर्धाअनुरूप हुलाक सेवालाई भरपर्दो, छिटोछरितो र लागत प्रभावी तुल्याउन संस्थागत पुनर्संरचनाको लागि विशेषज्ञहरूद्वारा अध्ययन गराइने छ ।

ख) नागरिकता, कर संकलन तथा अन्य यस्तै सेवाहरूका लागि स्थानीय स्तरसम्म फैलिएको हुलाकको सञ्जाललाई उपयोग गर्न सरकारी कार्यालयहरूका कामको जिम्मेवारी थप गर्ने नीति लिइने छ । सूचना तथा सञ्चार मन्त्रालयले गरी आएका कतिपय कामहरू हुलाकमार्फत् गर्ने गरी असार मसान्तभित्र थालनी गरिने छ ।

ग) हुलाक कार्यालयमा कार्यरत निजामती तथा करारका कर्मचारीहरूलाई आकर्षित एवं प्रोत्साहन गर्न बिशेष पहल गरिने छ ।

घ) नेपाली कामदारहरू कार्यरत रहेका प्रमुख विदेशी शहरहरूबाट छिटो-छरितो र विश्वासिलो ढंगबाट नेपालस्थित कामदारको घरघरमा रकम उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाइनेछ ।

ङ) नमूना आयोजनाका रूपमा तत्कालै सुरू गर्ने गरी हाल पहिलो चरणमा मुलुकका विभिन्न एक सयवटा दुर्गम र ग्रामीण क्षेत्रमा रहेका हुलाकहरूमा अत्याधुनिक प्रविधिको सञ्चार सेवा उपलब्ध गराई त्यहांबाट टेलिफोन, इमेल, इन्टरनेट, फ्याक्ससहितको एकद्वार प्रणालीअन्तर्गतको नमूना टेलिसेन्टर र सूचनाकेन्द्र स्थापना गरिने छ । यो व्यवस्थाको प्रभावकारिता हेरी अन्य भागमा पनि विस्तार गरिने छ ।

३. सुरक्षण मुद्रणसम्बन्धी नीति

हुलाक टिकट, राजश्वका स्टिकर, हवाइ टिकट, मुद्राजस्ता छपाइ कार्यमा मुलुकबाट वर्षेनी अरबौं रकम विदेशमा जाने गरेको यथार्थलाई ध्यानमा राखी त्यस्ता कार्य स्वदेशमै गर्न र राष्ट्रिय स्वाभिमान कायम राख्न हालको मुद्रण विभागलाई सुरक्षण प्रेसको रूपमा रूपान्तरण गरी क्षमता विस्तार गर्न बिशेष पहल गरिनेछ ।

४. आमसञ्चार माध्यमसम्बन्धी नीति

नेपालको लोकतान्त्रिक आन्दोलनमा सदैव अग्रिम मोर्चामा रहँदै आएको नेपालको सञ्चार क्षेत्रको विगतको योगदानको कदर गर्दै लोकतन्त्रको मर्मअनुरूप स्वतन्त्र, निष्पक्ष, जनमुखी, राष्ट्रिय स्वाधीनताप्रति सचेत पत्रकारितालाई प्रोत्साहित गर्ने नीति लिइने छ । अन्तरिम संविधानले प्रत्याभूत गरेको वाक् अभिव्यक्ति तथा प्रकाशन स्वतन्त्रताको सम्मान र पूर्ण पालना गरिने छ । सूचनाको हकसम्बन्धी विधेयक र श्रमजीवी पत्रकार ऐनको संशोधनलाई अझ परिमार्जित र विकसित रूपमा पारित गर्न र लागू गर्न गराउन पहल गरिनेछ । यसैगरी हालको छापाखानासम्बन्धी ऐनमा समसामयिक सुधार गरिनेछ ।

मर्यादित, स्वच्छ तथा जनमुखी पत्रकारिताको माध्यमबाट महत्वपूर्ण योगदान पुऱ्याउने सञ्चार संस्था वा सञ्चारकर्मीलाई राज्यका तर्फबाट पुरस्कृत गर्न रू.एक लाख रकम भएको एउटा राष्ट्रिय पत्रकारिता पुरस्कार यसै वर्ष स्थापना गरिने छ । यसलाई व्यवस्थापन गर्न एउटा संयन्त्रको निर्माण गरिनेछ । साथै, फोटो पत्रकारलगायत अन्य पत्रकारहरूको कार्य क्षमता अभिवृद्धि कार्यक्रमका लागि पत्रकारिता प्रशिक्षण केन्द्र स्थापना गर्न पहल गरिने छ ।

उच्च स्तरीय मिडिया सुझाव आयोगको सिफारिशलाई आवश्यकताअनुसार लागू गरिने छ । सूचना र सञ्चारका सम्पूर्ण सरकारी माध्यमहरूलाई एउटै नेटवर्कमा समायोजन गरी नीति तथा कार्यक्रम निर्माण गर्न केन्द्रीय तहमा एउटा सूचना तथा सञ्चार बोर्ड गठन गरिने छ ।

५.सरकारी सञ्चार माध्यमसम्बन्धी नीति

संविधान सभाको निर्वाचनको सन्दर्भमा सरकारी सञ्चार माध्यमलाई अझ बढी मर्यादित, निष्पक्ष, सन्तुलित, समावेशी र जनमुखी तुल्याइने छ र यसका लागि अविलम्ब समावेशी चरित्रका कार्यक्रमहरू सञ्चालन गरिनेछ । यस्ता माध्यमहरूको सञ्चालन सम्बन्धमा आचारसंहिता निर्माण गरी लागू गरिने छ ।

यी संस्थाहरूको प्रशासनिक तथा व्यवस्थापकीय सुधार गरी यिनीहरूलाई सक्षम र सुदृढ तुल्याइने छ । रेडियो नेपाल, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, रासस लगायतमा रहेका जनशक्तिलाई आवश्यक आकारमा ल्याउन स्वेच्छिक अवकाश योजना लागू गरिनेछ । दीर्घकालीन सुधारका लागि हाल कार्यरत रहेको उच्चस्तरीय कार्यदलको प्रतिवेदनलाई आवश्यकताअनुसार आधार बनाइने छ ।

६. रेडियो प्रसारण सेवा विस्तार

कर्णाली अञ्चल र आसपासका क्षेत्रमा रेडियो नेपालको सेवा पुर्‍याउन आगामी आव २०६४–०६५ मा कर्णाली अञ्चलमा रेडियो नेपालको सबस्टेशन स्थापना गरिने छ ।

७. गोरखापत्र संस्थानको सुधार

एक शताब्दीदेखि प्रकाशित हुंदै आएको नेपालको स्थापित पत्रिका प्रकाशन संस्था गोरखापत्रलाई व्यावसायिक र सामाजिक उद्देश्यमूलक दृष्टिकोणले सुदृढ र सक्षम बनाउनका लागि काठमाडौ बाहिर क्षेत्रीय प्रकाशन कार्यालयहरू स्थापना गरी त्यहींबाट एकसाथ प्रकाशन आरम्भ गर्ने नीति लिइने छ । यसै योजनामुताविक आगामी आर्थिक वर्षदेखि काठमाडौ उपत्यका बाहिर कम्तीमा एक स्थानमा त्यस्तो व्यवस्था मिलाई पत्रिकाको प्रकाशन र वितरण कार्य आरम्भ गरिने छ । यसको साथै स्थानीय तहका प्रमुख भाषामा समेत सामग्री प्रकाशन गर्न पहल गरिनेछ ।

८. द्वन्द्व प्रभावित संरचनाको पुननिर्माण

विगतको द्वन्द्वबाट प्रभावित हुलाक, दूरसञ्चार, नेपाल टेलिभिजन र रेडियो नेपालका क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण कार्यलाई मन्त्रालयद्वारा उच्च प्राथमिकता दिई बजेट तथा कार्यक्रम तर्जुमा गरिने छ । दूरसञ्चारको संरचनाको हकमा नेपाल दूरसञ्चार कम्पनीले आफ्नै आन्तरिक श्रोतबाट सो कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने छ भने अन्यको हकमा भने सरकार स्वयम्ले समन्वयात्मक रूपमा कार्य गर्ने छ ।

९. द्वन्द्व पीडित सञ्चारकर्मी कल्याण कोष

विगत एक दशक लामो जनयुद्धका क्रममा मारिएका र वेपत्ता पारिएका सञ्चारकर्मीहरूका परिवारको जीविकोपार्जन र छोराछोरीहरूको शिक्षामा उपयोग गर्ने गरी सरकारले तत्कालै एउटा द्वन्द्व पीडित सञ्चारकर्मी कल्याण कोष स्थापना गर्नेछ । उक्त कोषमा सरकारका तर्फबाट पचास लाख रूपैयाको मूल राशि रहनेछ । त्यस्ता परिवारको भरणपोषण र जीविकोपार्जनका लागि कुनै एउटा व्यवसाय गर्न एकमुष्ठ एक लाख प्रति परिवार र छोराछारीहरूको स्नातक तहसम्मको शिक्षादीक्षाका लागि व्यवस्था गर्न विद्यालय तहका लागि मासिक रू पांच सय र उच्च शिक्षाका लागि एक हजार सहयोग स्वरूप उपलब्ध गराइने छ । सो कोषबाट जनयुद्ध र आन्दोलनमा घाइते वा अङगभङ्ग भएका र शारीरिक रूपले अशक्त भएका सञ्चारकर्मीहरूको उपचारको व्यवस्था समेत मिलाइनेछ । यसको कार्यविधि, सञ्चालनप्रक्रिया र शर्त-आधारहरू नेपाल पत्रकार महासंघसंग समेत समन्वय गरी शीघ्र निर्माण गरिनेछ ।

१०. विद्युतीय प्रसारण माध्यमसम्बन्धी नीति

समाचार र विचारलाई गाउंघरसम्म पुर्‍याउन एफ.एम.रेडियोले खेलेको भूमिकाको उच्च कदर गर्दै यस क्षेत्रलाई अझ व्यवस्थित र सरलीकृत गर्नका लागि तिनीहरूको क्षमता र चरित्रअनुसार वर्गीकरण गर्ने

र तद्अनुरूपको सुविधा–सहुलियत प्रदान गर्ने गरी ग्रामीण क्षेत्रका त्यस्ता संस्थालाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउने नीति लिइने छ । हालसम्म कायम गरिएको एफ.एम. रेडियोको इजाजत, राजस्व र नवीकरण दस्तुरलाई कम गरिने छ । साथै, टेलिभिजन र रेडियो सम्बन्धमा विद्यमान ऐन–कानुनलाई सुधार गरी वैज्ञानिक पद्धतिमा लैजान नयां ऐन जारी गरिनेछ ।

११. केबुल प्रसारणसम्बन्धी नीति

डीटीएच् ,सीएएस्, कार्यक्रम उत्पादन र प्रसारण, शुल्क निर्धारणजस्ता विषयमा सबै सरोकारवाला पक्षहरूसित छलफल र अन्तरक्रिया गरी आवश्यक नीति निर्धारण गरिनेछ । आमनेपाली उपभोक्ताको हैसियत र हितको संरक्षण गर्ने नीति लिइने छ । यसका लागि नयां ऐन निर्माणका लागि पहल गरिनेछ ।

१२. विदेशी लगानीसम्बन्धी नीति

सञ्चार माध्यमहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष भित्रिने विदेशी पुंजीको विषय अत्यन्तै संवेदनशील भएकाले राष्ट्रिय हित र आवश्यकतालाई मूल आधार मानी बिदेशी लगानीसम्बन्धी नीतिबारेमा सम्वद्ध सवै सरोकारवालासंग छलफल गरी स्पष्ट नीति तय गरिने छ ।

१३. अनलाइन सञ्चार नीति

अनलाइन सञ्चारलाई समेत मूल प्रवाहकै समाचार माध्यमको रूपमा लैजाने स्पष्ट नीति र कार्यक्रम बनाउने प्रक्रियाको थालनी गरिनेछ ।

१४. चलचित्र सम्बन्धी नीति

चलचित्र व्यवसायलाई समयानुकूल आवश्यकताको परिपूर्ति गर्दै प्रोत्साहनको वातावरण तयार गरिनेछ । यसका लागि सुझाव समिति निर्माण गरिनेछ । चलचित्र जांचपासको विद्यमान प्रणालीमा सुधार गरी सरल, पारदर्शी,वैज्ञानिक र झञ्झटरहित व्यवस्था मिलाइने छ ।

१५. विज्ञापनसम्बन्धी नीति

सरकारले उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकमको पुनरावलोकन गरिनेछ र यसलाई छापा माध्यमका अलावा विद्युतीय सञ्चार माध्यमलाई समेत उपलब्ध गराइने नीति लिइनेछ । यसो गर्दा दूर्गम र बिकट क्षेत्रका र विभिन्न स्थानीय भाषाका सञ्चार माध्यमलाई थप सहुलियत प्रदान गरिने छ । यस बाहेक सरकारी स्वामित्वमा रहेका निकायहरूद्वारा प्रदान गरिने विज्ञापनलाई बढी वैज्ञानिक र पारदर्शी बनाइने छ ।

छाडा, अश्लिल, जातीय, क्षेत्रीय, लिंगीय, सांस्कृतिक विद्वेष फैलाउने, राष्ट्रिय स्वाधीनतामा आंच पुऱ्याउने, वालमनोविज्ञानमा नकारात्मक प्रभाव पार्ने सबैखाले भ्रामक र प्रदुषणयुक्त विज्ञापनलाई दुरूत्साहित गर्ने नीति रहने छ । साथै स्वदेशी अर्थतन्त्र, श्रमशक्ति र जनशक्तिमा आधारित विज्ञापनलाई प्राथमिकता दिइनेछ ।

विज्ञापनसम्बन्धी कार्य गर्ने एजेन्सीहरूलाई व्यवस्थित गर्नका लागि व्यापक छलफलको प्रक्रियाबाट एउटा ठोस राष्ट्रिय विज्ञापन नीति तय गरी व्यवहारमा लागू गरिनेछ ।

१६. ऐन कानुनमा व्यापक सुधार

सञ्चार र सूचना प्रविधिको क्षेत्रमा मुलुकले ठूलो फड्को मारेको भए पनि त्यसअनुरूप हाम्रा ऐनकानुनहरू अद्यावधिक हुन सकेका छैनन् । यस यथार्थलाई केन्द्रमा राखी विद्यमान कानुनी संरचनामा व्यापक र समसामयिक सुधार गरिने छ । सूचनाको हकसम्बन्धी विधेयक र श्रमजीवी पत्रकार ऐनको संशोधन छिट्टै  व्यवस्थापिका–संसदबाट पारित हुने विश्वास लिइएको छ । यसका साथै चलचित्र विकास बोर्ड ऐन, प्रसारण प्राधिकरण ऐन, गोपनियताको हकसम्बन्धी नयां ऐनहरू अगाडि बढाइनेछ भने हालको

छापाखाना तथा प्रकाशन ऐन २०४८, रेडियो ऐन २०१४, नेपाल दूरसञ्चार ऐन २०५३, हुलाक ऐन २०१९ को पनि सामयिक सुधार गरिने छ। यसैगरी अन्य निमयावलीहरूमा पनि सुधार गर्दै लगिने छ।

१७. मन्त्रालयको आन्तरिक सुधार

सूचना र सञ्चार राज्यको स्नायु प्रणाली हो। एउटा स्नायु कोषले सूचनाको रिपोर्टिङ , समीक्षा र निर्देशनको भूमिका जसरी क्षणभरमै विद्युतीय गतिमा सम्पन्न गर्दछ त्यसरी नै मन्त्रालयले सोही भावनाअनुरूप कार्य गर्नुपर्दछ। मन्त्रालयसंग सम्वद्ध विभाग, समिति, बोर्ड, काउन्सिल, कम्पनि, प्राधिकरण र संस्थानहरूको प्रमुख दायित्व राज्यको मूल नीतिअन्तर्गत रही समन्वयात्मक र सिर्जनशील भएर कार्यसम्पादन गर्नु हो।

यसको मूल उद्देश्य भनेको जनसमुदायको आवश्यकता र आकांक्षामा स्वाभाविक रूपले संचालित हुने क्रियाकलापहरूमा आधारित सूचनाहरूको संकलन, त्यसको विश्लेषण र संश्लेषण तथा फेरि जनसमुदायमै त्यसको सम्प्रेषण गर्नु हो। यसअनुसार मन्त्रालयमा-

क) निर्णय प्रकृयामा सम्बद्ध पक्षको सहभागिता,सहमति र समझदारीको संस्कृतिको कार्यशैलीमा जोड दिई हरेक काम–कारवाही, निर्णय र नीति एवम् त्यसका प्रक्रियाहरूलाई पारदर्शी तुल्याइने छ।

ख) आमजनता र सेवाग्राहीसित प्रत्यक्ष सरोकार राख्ने विषयहरूमा नागरिक बडापत्र १५ दिनभित्र जारी गरी छिटो -छरितो र प्रभावकारी रूपले सो समयभित्र सेवा प्रदान गरिने छ।

ग) मन्त्रालयको सेवाप्रदान र निर्णयक्षमतालाई सशक्त बनाउन मन्त्रालयको विद्यमान सङ्गठन संरचनालाई सुधार गरी नमूना मन्त्रालयको रूपमा विकसित गरिने छ।

घ) जनसरोकारका विषयका काम–कारवाहीलाई छिटो-छरितो तुल्याउन इन्टरनेटमार्फत् एफ.एम. रेडियो, केबल टिभी जस्ता इजाजत र नवीकरणका लागि आवेदन गर्ने र इन्टरनेटमार्फत् नै फाइलको अवस्था र अन्तिम निर्णयको जानकारी गराउने व्यवस्था मिलाइने छ। मन्त्रालयसंग सम्बद्ध ऐन, नियमावली, परिपत्र, अध्ययन प्रतिवेदन, तथ्यांक आदि मन्त्रालयको वेभसाइट www.moic.gov.np मा एक महिनाभित्र राखिने छ।

च) मन्त्रालय भित्र E–governance कार्यक्रमलाई तत्काल शुरू गरिनेछ। मन्त्रालय भित्रको आन्तरिक नेटवर्किङ सम्पन्न गरी मातहतका सबै निकायहरूसित विद्युतीय नेटवर्किङ स्थापना गरिनेछ।

ङ) सूचना प्रविधिसमेतलाई एकीकृत ढंगले यसै मन्त्रालयको कार्यक्षेत्रभित्र समायोजन गरी तीन वर्षभित्र मन्त्रालयलाई कागजरहित नमूना कार्यालयको रूपमा विकास गरिने छ।

सूचना तथा संचार मंत्रालयले लिएको यो नीति तथा कार्यक्रम सम्वन्धी अवधारणालाई सफल बनाउन सबै राजनीतिक पार्टीहरू, सूचना तथा संचार क्षेत्रमा कार्यरत सम्पूर्ण संघ संस्था एवं, कर्मीहरू, अर्न्तराष्ट्रिय समुदाय, सरोकारवाला तथा आमजनसमुदायसंग सहयोगको अपेक्षा गरेको छु।

धन्यवाद !

२०६४।०२। २२

कृष्ण बहादुर महरा
मन्त्री
सूचना तथा संचार
नेपाल सरकार